**बाट: रणनीतिक सञ्चार कार्यालय**
**लागि: विद्यार्थी, संकाय र कर्मचारीहरू**

**विषय: *UW* ले व्यक्त गर्ने गतिविधिको नीति अपडेट र शैक्षिक र सामुदायिक स्रोतसाधनहरू विस्तार गर्‍यो**

**मिति: अगस्ट २८, २०२४**

*University of Wisconsin–Madison* ले क्याम्पसमा स्वतन्त्र अभिव्यक्ति, *UW* को एक आधारभूत मान्यता, बिना अवरोध सुरक्षित रहने र विद्यार्थीहरूको शिक्षा पाउने क्षमता सहित विश्वविद्यालयको महत्त्वपूर्ण उद्देश्य र सञ्चालनहरू कायम राख्ने क्याम्पस नीतिलाई संगठित र स्पष्ट पारेको छ।

नयाँ नामको अभिव्यक्त गतिविधि नीति (*Expressive Activity Policy*) र सँगैको मार्गदर्शनले विद्यार्थी, कर्मचारी र क्याम्पस आगन्तुकहरूका लागि नयाँ स्पष्टता प्रदान गर्दै विभिन्न क्याम्पस नीतिहरू र मार्गदर्शनहरूमा फैलिएको स्रोतसाधन जानकारी एक ठाउँमा सङ्कलन गर्दछ। नीति र मार्गदर्शन विद्यार्थी, कर्मचारी र क्याम्पस आगन्तुकहरूलाई आफ्नो अधिकार र जिम्मेवारीहरू र आफूलाई उपलब्ध स्रोतसाधनहरू बुझ्न सहयोग गर्न बनाइएको छ।

यस कार्य क्याम्पस समुदायलाई स्वतन्त्र अभिव्यक्तिका सबै पक्षहरूमा शिक्षित गर्ने, पारदर्शिता प्रदान गर्ने र नागरिक बहस कार्यक्रम विस्तार गर्ने फराकिलो प्रयासको हिस्सा हो। यस प्रयासको समग्र लक्ष्य विश्वविद्यालयको आधारभूत कार्य — अनुसन्धान, खोज, छात्रवृत्ति, तालिम र शिक्षा — अवरोध बिना जारी रहोस् भनेर सुनिश्चित गर्नु हो।

"विचार र दृष्टिकोणको बलियो आदानप्रदान विश्वविद्यालयको केन्द्रबिन्दु हो। यो एउटा महान् विश्वविद्यालयले हरेक दिन के गर्दछ वा गरिरहनु पर्दछ भन्ने कुराको मुख्य भाग हो र हामीले यहाँ *UW–Madison* मा, जब हामी निर्भय छान्ने र निफन्नेको बारेमा कुरा गर्दछौं, त्यही हो। यसको मतलब यो हो कि हामी प्रायः हाम्रो लागि नयाँ हुन सक्ने विचार र परिप्रेक्ष्यहरूमा संलग्न हुनेछौं र यसले, केही अवस्थामा, हामीलाई असहज वा असुविधाको कारण बन्न सक्दछ," कुलपति Jennifer L. Mnookin भन्नुहुन्छ। "म आशा गर्दछु कि, एक ब्याजर समुदायको रूपमा, हामी खुला विचार, सुन्ने इच्छुकता, एकअर्काको सम्मान र भावनाको उदारताका साथ हाम्रा भिन्नताहरू हेर्नेछौं।"

**नीति र मार्गदर्शनहरू**

अभिव्यक्ति गतिविधिको लागि विश्वविद्यालयको दृष्टिकोण दुई थप कागजातहरूमा फेला पार्न सकिन्छ। पहिलो, अभिव्यक्त गतिविधि नीतिले झल्काउँदछ — विस्तृत कानूनी सर्तहरूमा — प्रथम संशोधनद्वारा अनुमति के दिइएको छ र विश्वविद्यालयद्वारा स्थापित समय, स्थान र तरिका सीमाको आधारमा के प्रतिबन्धित छ।

दोस्रो, अभिव्यक्त गतिविधि मार्गदर्शन, प्रयोगकर्ता अनुकूल थप टुक्रा हो जसले थप विशिष्ट मार्गदर्शनको लागि विषयहरूमा विस्तार गर्दछ। यसमा के अनुमति छ र के छैन भन्ने व्यावहारिक उदाहरणहरू, साथै नीतिको पालना गर्ने कार्यक्रमहरू र विरोधहरू कसरी व्यवस्थित गर्ने भन्ने बारे जानकारी र सहायता र अभिव्यक्तिपूर्ण गतिविधि आपत्तिजनक लागेमा व्यक्तिहरूले के गर्न सक्दछन् (र गर्न सक्दैनन्) समावेश छन्।

उचित समय, तरिका र स्थान सीमाहरूको अधीनमा, विश्वविद्यालयको बाहिरी सार्वजनिक स्थानहरूमा अभिव्यक्ति गतिविधिलाई सामान्यतया अनुमति दिइन्छ भन्ने नीतिले फेरि पुष्टि गर्दछ र थप स्पष्ट बनाउँदछ। यी सीमितताहरूले क्याम्पस समुदायका सबै सदस्यहरूको लागि विश्वविद्यालयको स्थानमा समान पहुँचको लागि अनुमति दिन्छ र विश्वविद्यालयको सुरक्षित र प्रभावकारी सञ्चालनहरू, जस्तै विद्यार्थीहरूको अध्ययन गर्ने क्षमता र प्रशिक्षकहरूलाई बिना कुनै अवरोध सिकाउने क्षमता प्रदान गर्दछ।

हालको क्याम्पस नीतिहरूमा संशोधनहरू समावेश छन्, तर निम्नमा सीमित छैनन्:

- विश्वविद्यालय स्वामित्व वा विश्वविद्यालय नियन्त्रित भवन र सुविधाहरूको प्रवेशद्वारको २५ फिट भित्र अभिव्यक्ति गतिविधि निषेध गरिएको छ। *University of Wisconsin* पुलिस विभागले व्यक्ति वा विश्वविद्यालयको सम्पत्तिको सुरक्षाको लागि आवश्यक पर्दा यो दूरी बढाउन सक्छ।
- भवनहरूमा प्रयोग गरिने चिन्हहरू ३ फिट र ३ फिटभन्दा ठूला हुन सक्दैनन्। चिन्हहरूलाई समर्थन गर्न लठ्ठी वा अरू कुरा चलाउन निषेध गर्ने लामो समयदेखि चलिरहेको नीतिको पालना गर्नका लागि चिन्हहरू हाते हुनुपर्दछ।
- अगाडि नै वा विश्वविद्यालयको कार्यक्रमको हिस्साको रूपमा अनुमति नभएसम्म एम्पलीफायरबाट ठूलो पारिएको आवाज हल्ला मानिन्छ जब भवन भित्रको क्षेत्रमा ५० फिट वा बढीको दूरीमा सो आवाज ८५ डेसिबल भन्दा माथि सुनिन्छ।

- हाते, ब्याट्रीबाट चल्ने आवाज बढाउने यन्त्र (जस्तै कि *Bluetooth* स्पिकर वा एम्पलीफायरहरू) अब पहिलेको अनुमति बिना नै चलाउन दिइन्छ, तर अन्तिम जाँचहरूको अवधिमा वा हल्ला गर्ने तरिकाले होईन। नीति अनुसार, अरू सबै आवाज बढाउने कार्य, कार्यक्रमको भाग वा अन्य गतिविधिको लागि अनुमति चाहिन्छ।
- क्याम्पसका केही प्रतिष्ठित क्षेत्रहरूमा अब अभिव्यक्ति गतिविधिका लागि विशेष नीतिहरू छन्। उदाहरणका लागि, कसैले पनि *Bascom Hill* माथि रहेको Abraham Lincoln को मूर्तिमा पहुँच रोक्न वा शरद सेमेस्टर शुरू हुनु अघि र प्रत्येक सेमेस्टरको अन्त्यमा *commencement* को हप्ताको अवधिमा मूर्तिसँग फोटो खिच्न अरूलाई रोक्न सक्दैनन्। उस्तै प्रतिबन्धहरू ठूला स्नातक वर्ष सङ्ख्याहरूमा पनि लागू हुन्छन् जुन *Bascom Hill* को मुनि *commencement* को दिनहरूमा बनाइन्छ।

विश्वविद्यालय सामग्री निष्पक्ष हुनेछ – अर्थात, नीति लागू गर्दा कुनै अभिव्यक्ति गतिविधिको दृष्टिकोणको तत्त्वलाई विचार गर्नेछैन।

**शैक्षिक अवसरहरू**

क्याम्पसमा अभिव्यक्ति स्वतन्त्रता र आफ्नोपनाको बलियो भावना दुवै फस्टाउन सक्ने कुरा सुनिश्चित गर्न विश्वविद्यालयले चालेका धेरै कदमहरू मध्ये एउटा नीति अद्यावधिकले प्रतिनिधित्व गर्दछ। अन्य केही चरणहरूमा समावेश छन्:

- नयाँ *UW–Madison मा स्वतन्त्र अभिव्यक्ति (Free Expression at UW–Madison)* मोड्युलले प्रथम संशोधन अधिकारको सन्दर्भमा नागरिक बहस, शैक्षिक स्वतन्त्रता, आपत्तिजनक भाषा र विरोध जस्ता अवधारणाहरूको विवरण प्रदान गर्दछ। आउने *freshmen* र *transfer* विद्यार्थीहरूको लागि आवश्यक भएतापनि क्याम्पस समुदायका सबै सदस्यहरूलाई विश्वविद्यालयको स्वतन्त्र अभिव्यक्ति वेबसाईटमा अन्लाईन मोड्युलहरू हेर्न प्रोत्साहित गरिन्छ।
- क्याम्पसमा राजनीतिक अभियान र सार्वजनिक वकालत गतिविधिहरू बारे प्रश्नहरू भएका कर्मचारी र विद्यार्थीहरूले क्याम्पसमा राजनीतिक गतिविधि र कार्यक्रमहरूको वेबसाईटमा जवाफ पाउन सक्दछन्: २०२४ सालको शरद सेमेस्टरको लागि मार्गदर्शनहरू।

- विश्वविद्यालयले विद्यार्थी संगठनहरूका लागि आफ्नो आचरण प्रक्रियालाई अद्यावधिक गरेर दर्ता भएका विद्यार्थी संगठनहरू (*RSO*) का लागि प्रक्रिया र अपेक्षाहरूमा थप स्पष्टता प्रदान गरेको छ। थप रूपमा, अब प्रत्येक *RSO* सँग आफ्नो समूहको लक्ष्यहरू प्राप्त गर्न सहयोग गर्ने सल्लाहकार हुनु आवश्यक छ। सल्लाहकार खोज्न सहयोग चाहिने *RSO* हरूलाई सहायता प्रदान गरिनेछ। नेतृत्व र संलग्नता केन्द्र (*Center for Leadership and Involvement*) ले सल्लाहकारहरूको लागि तालिम र सहयोग विस्तार गरी यी समूहहरूलाई सहयोग प्रदान गर्नेछ।
- विश्वविद्यालयका अगुवाहरूले विद्यार्थीहरू, संकाय र कर्मचारीहरूको समूहसँग काम गर्दैछन् जब विश्वविद्यालयले आफ्नो संस्थागत आवाजलाई सम्बोधन गर्न वा कुनै मुद्दामा अडान लिनको लागि वर्णन गर्ने स्पष्ट र एकनासको नीति विकास गर्दछ। यस नीति सेप्टेम्बरको शुरूवातमा पूरा हुने अपेक्षा गरिएको छ।
- *Badger Dialogues*, क्याम्पस प्रशासकहरू र विभिन्न पृष्ठभूमिका विद्यार्थीहरूलाई जोड्नको लागि अनौपचारिक अवसरहरूको श्रृंखला, यो वर्ष फेरि जारी रहनेछ। अनुसूचित कार्यक्रमहरू यहाँ पोस्ट गरिनेछ।
- गत वर्ष शुरू गरिएको, *Deliberation Dinners* हरूले स्नातक विद्यार्थीहरूलाई विचारधारा र जनसांख्यिकीय रूपमा विभिन्न मित्रहरूको समूहहरूमा महत्त्वपूर्ण राजनीतिक मुद्दाहरूको बारेमा छलफल गर्ने अवसरहरू प्रदान गर्दछ। यस पहलको माध्यमबाट, विद्यार्थीहरूले चुनौतीपूर्ण र साँच्चैको राजनीतिक मुद्दाहरूको विश्लेषण गर्ने क्षमता विकास गर्दछन्, उनीहरूको बोल्ने र सुन्ने सीपहरू सुधार गर्दछन् र बेग्ला बेग्लै र प्रतिस्पर्धात्मक दृष्टिकोणहरू विचार गर्ने महत्त्वलाई पहिचान गर्न आउँदछन्। कसरी संलग्न हुने बारे थप जानकारी यहाँ पाउन सक्नुहुन्छ।

##